बैठक संख्या-६ 2069/06/02

बिहान - 6:00 बजे

उपस्थिती: श्री टीकादत्त राई - कार्यकारी अधिकृत - धरान न.पा.

आज मिति 2069/06/02 गते सोमवारका दिन धरान नगरपालिका कार्य संचालन समितिको बैठक बसी गरीएको निर्णयलाई टाँस गरी प्रमाणित गरिएको छ।

निर्णय नं १: WeGO को सदस्यता सम्बन्धमा ।

नगरवासीहरूलाई प्रदान गरिने सेवाप्रवाहलाइ समय सापेक्ष चुस्त दुरुस्त राख्न समय संगै विकास भएका प्रविधिहरूको संगसंगै प्रयोग गर्दै लैजानुको विकल्प छैन। सोही सन्दर्भमा धरान नगरपालिकाले पनि विकास भइरहेको विद्युतीय सूचना प्रविधिको अधिकतम् उपयोग गरी सेवा प्रवाहको गुणस्तरमा बृद्धि गर्ने नीति लिएको छ तथापी सिमित श्रोत,साधन, सीप तथा ज्ञानको कमिको कारणले यसलाई पूर्ण रूपमा विद्युतीय सुशासन (e-Government) अवलम्बन गर्न नसकिरहेको सन्दर्भमा दिगो विकासका लागि विद्युतीय सुशासन उद्देश्यका साथ स्थापित "संसारका शहरहरु तथा स्थानीय सरकारहरुको सञ्जाल World e-Governments Organization of Cities and Local Governments (WeGO)" ले प्रस्ताव गरे अनुसार धरान नगरपालिकाको विद्युतीय सुशासनमा क्षमता विकास गर्न उक्त संस्थाको सदस्यता लिन आबश्यकं प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं २ वालमैत्री स्थानीय शाशन नगर समितिको गठन सम्वन्धमा ।

नेपाल सरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा जारी वालमैत्री स्थानीय शासन कार्यन्वयन कार्यविधि २०६८ को परिच्छद ३ को बुँदा १२ अनुसार वाल मैत्री स्थानीय शासन नगर समितिमा तपशिल बमोजिमको पदाधिकारीहरु रहने गरी समिति गठन गर्नु पर्ने भएको हुँदा उक्त समितिमा तपसिल वमोजिमका प्रतिनिधिहरु सदस्यका रुपमा सम्वन्धित कार्यालयहरुवाट माग गर्ने निर्णय गरियो ।

<u>वालमैत्री स्थानीय शासन नगर समिति</u>

१ प्रमुख नगरपालिका अध्यक्ष
२ उप-प्रमुख उपाध्यक्ष
३ नगरपालिकाले मनोनयन गरेको स्वास्थ संस्थाका प्रमुख वा प्रतिनिधि (१ जना)सदस्य
४ शिक्षा कार्यालयका प्रमुख वा प्रतिनिधि (१ जना ) सदस्य
५ महिला विकासका प्रमुख वा प्रतिनिधि (१ जना ) सदस्य
६ गैसस महासंघ जिल्ला शाखाको प्रतिनिधि महिला तथा वालवालिकाको क्षेत्रमा कार्यरत गैरसरकारी संघसंस्थाहरु मध्येवाट महासंघले मनोनयन गरेको प्रतिनिधि (१ जना )सदस्य
७ स्थानीय विधालय तथा स्वास्थ्य व्यवस्थापन समिति मध्येवाट नगरपालिकाले मनोनयन गरेको प्रतिनिधि (१ जना )सदस्य
८ नगरपालिकामा कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंस्वीका मध्येवाट नगरपालिकाले मनोनयन गरेको प्रतिनि (१ जना )सदस्य
९ नगरपालिकास्तरीय बाल संजालका प्रतिनिधि २ जना (१ जना ) बालिका समेत सदस्य
१० महिला र बवलबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समुह मध्ये नगरपालिकाले तोकेको प्रतिनिधि १ जना सदस्य
११ नगरपालिकामा बालमैत्री स्थानीय शासन हेर्ने अधिकृत सदस्य
१२ कार्यकारी अधिकृत सदस्य सचिव

कृ. ३. प०

निर्णय नं ३ : वातवरणमैत्री स्थानीय शासन नगर समन्वय समिति सदस्यहरु मनोनयन सम्वन्धमा ।

नेपाल सरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा जारी वातवरणमैत्री स्थानीय शासन प्रारूप २०७० को अध्याय ६ को बुँदा ६.४ अनुसार वातवरणमैत्री स्थानीय शासन नगर समितिमा तपशिल बमोजिमको पदाधिकारीहरू रहने गरी समिति गठन गर्नु पर्ने भएको हुँदा उक्त समितिमा तपसिल वमोजिमका प्रतिनिधिहरु सदस्यका रुपमा सम्वन्धित कार्यालयहरुवाट माग गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १ | प्रमुख नगरपालिका | अध्यक्ष |
| २ | उप-प्रमुख | सदस्य |
| ३ | जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि | सदस्य |
| ४ | योजना अनुगमन तथा प्रशासकीय अधिकृत | सदस्य |
| ५ | खानेपानी तथा सरसफाई कार्यालयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| ६ | जिल्ला वन अधिकृत वा प्रतिनिधि | सदस्य |
| ७ | जिल्ला शिक्षा अधिकारी वा प्रतिनिधि | सदस्य |
| ८ | जिल्ला स्वास्थ्य कार्यलयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| ९ | मालपोत कार्यालयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| १० | नापी कार्यालयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| ११ | जिल्ला कृषि विकास कार्यलयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| १२ | जिल्ला पशु सेवा कार्यलयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| १३ | जिल्ला भूसंरक्षण कार्यलयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| १४ | नगरस्तरीय उद्योग वाणिज्य संघका प्रमुख वा जिल्ला स्तरका प्रतिनिधि | सदस्य |
| १५ | गैसस नगर समन्वय समितिका प्रमुख वा जिल्ला स्तरका प्रतिनिधि | सदस्य |
| १६ | जिल्ला प्राविधिक कार्यलयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| १७ | सम्वन्धित शाखाको प्रमुख वा नगरपालिकाले तोकेको अधिकृत | सदस्यसचिव |

निर्णय नं ४ : नगर सामाजिक परिचालन समन्वय समिति गठन सम्वन्धमा ।

संघिय मालिला तथा स्थानीय विकास मत्रालय अन्तर्गत सञ्चालीय स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको दोस्रो चरणमा सामाजिक परिचालन कार्यक्रमलाई प्रभावकारी रुपमा व्यावस्थापन तथा सञ्चालन गर्नका लागि नेपाल सरकार मिन्त्रीस्तरको को मिति २०७१।३।२२ को निर्णयअनुसार सामाजिक परिचालन कार्यविधि २०७१ स्वीकृत गरी कार्यन्वयनमा ल्याईएको छ । उक्त कार्यविधिको परिच्छेद ३ को बुँधा ३३ मा व्यावस्था गरिए वमोजिम उक्त समितिमा तपसिल वमोजिमका प्रतिनिधिहरु सदस्यका रुपमा सम्वन्धित कार्यालयहरुवाट माग गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १ | नगरपालिका कार्यकारी अधिकृत | संयोजक |
| २ | संयोजकले तोकेको विषयगत कार्यलयका अधिकृत स्तरका प्रतिनिधि | २ जना सदस्य |
| ३ | नगर लैङिगक समानता तथा सामाजिक समावेशिकरण समितिवाट प्रतिनिधि | १ सदस्य |
| ४ | नगर वालमैत्रि स्थानीय शासन समितिवाट प्रतिनिधि | १ सदस्य |
| ५ | नगर स्तरीय वातावरणमैत्री स्थानीय शासन समितिका प्रतिनिधि | १ सदस्य |
| ६ | नगरस्तरीय गैसस महासंघहरु मध्येवाट एकं जना महिला प्रतिनिधि सहित वढिमा | २ जना प्रतिनिधि सदस्य |
| ७ | वडा नागरीक मञ्च मध्यवाट कम्तिमा एक महिला सहित प्रतिनिधि | २ जना सदस्य |
| ८ | जेष्ठ नागरीकका प्रतिनिधि एक महिला एक पुरुष | २ जना सदस्य |
| ९ | नगर शासन विज्ञ | सदस्य |
| | नगरपालिका सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

निर्णय नं ५: लिलाम विक्रि सम्वन्धमा ।

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को २१४ बमोजिम धरान नगरपालिकाको मिति २०७१।०६।२६, को निर्णयानुसार जिन्सी निरिक्षण प्रतिवेदनमा लिलाम गर्नु पर्ने भनि उल्लेख भएका तपसिलका पुराना सामानहरु लिलाम गर्ने प्रयोजनको लागि मिति २०७१।०६।३१ का दिन बसेको लिलाम समितिको बैठकद्वारा भएको निर्णय अनुसार तपसिलको सामानरुको न्यूनतम मूल्यांकन कायम गरी लिलाम विक्रीका लागि सिफारिस गर्ने भनि भएको निर्णय समेतको आधारमा न्यूनतम मूल्यांकन कायम गरी लिलाम गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | विवरण | इकाई | परिमाण | मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | मोनिटर CRT | थान | ४ | ५०००।– | लिलाम गर्नु पर्ने |
| २ | सिपियु | थान | १ | | लिलाम गर्नु पर्ने |
| ३ | सिपियु | थान | ५ | | लिलाम गर्नु पर्ने |
| ४ | प्रिन्टर डट | थान | १ | | लिलाम गर्नु पर्ने |
| ५ | प्रिन्टर एच. पी | थान | १ | | लिलाम गर्नु पर्ने |
| ६ | UPS | थान | १ | | लिलाम गर्नु पर्ने |
| ८ | गाडी उठाउने जग | थान | ३ | ४००।– | लिलाम गर्नु पर्ने |
| १० | व्याट्री ठूलो | थान | २ | ५०००।– | लिलाम गर्नु पर्ने |
| ११ | व्याट्री सानो | थान | २ | | लिलाम गर्नु पर्ने |
| ७ | बेल्चा(भांचिएको) | थान | ३८ | २५०००।– | लिलाम गर्नु पर्ने |
| ९ | साइकल | थान | १ | | लिलाम गर्नु पर्ने |
| १२ | मेन स्वीच | केजी | ५ (अन्दाजी) | | लिलाम गर्नु पर्ने |
| १३ | गाडीको पार्टपूर्जा | केजी | ६० (अन्दाजी) | | लिलाम गर्नु पर्ने |
| १४ | अन्य फलाम(तालाचावी) | केजी | २० (अन्दाजी) | | लिलाम गर्नु पर्ने |
| १५ | पाइप(फलामको) | थान | १२ | | लिलाम गर्नु पर्ने |
| १६ | रड | केजी | ७० (अन्दाजी) | | लिलाम गर्नु पर्ने |
| १७ | होर्डिङ्ग बोर्ड | थान | ५ | | लिलाम गर्नु पर्ने |
| १८ | भ्यापर पुरानो | थान | १ | | लिलाम गर्नु पर्ने |
| १९ | गाडीको रेडी वाटर | थान | १ | | लिलाम गर्नु पर्ने |
| २० | पञ्चिङ मेशिन तथा स्टयाप्लर मेसिन | केजी | १०(अन्दाजी) | | लिलाम गर्नु पर्ने |
| २१ | धाराको सापट।युनियन।एल्वो | केजी | ५(अन्दाजी) | | लिलाम गर्नु पर्ने |
| २२ | विजुलीका मिटर बक्स | थान | २ | | लिलाम गर्नु पर्ने |
| २३ | टीनको पाता | थान | ५ | | लिलाम गर्नु पर्ने |
| २४ | टीनको बक्सा | थान | १ | | लिलाम गर्नु पर्ने |
| २५ | प्लाष्टिकको आरी(च्यातेको) | थान | १७ | | लिलाम गर्नु पर्ने |